नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## निरीक्षण अनुगमन गरी कारवाही सम्बन्धी विवरण

प्रस्तुत बिषयमा श्री जिल्ला प्रशासन कार्यालय ललितपुरमा प्राप्त उजुरी गुनासो सम्बोधन गर्न मिति २०८३।०३।१७ मा खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग; खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौं; जिल्ला प्रशासन कार्यालय, ललितपूर; उद्योग तथा बाणिज्य कार्यालय, ललितपुर; ललितपुर महानगरपालिका; प्रहरी वृत सातदोबाटो तथा राष्ट्रिय उपभोक्ता मंच, ललितपुरको संयुक्त टोलीले निम्न बमोजिमको खाद्य व्यवसायमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसार आवश्यक कारवाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण प्रकाशित गरिन्छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | उजुरीको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **कारवाहि / निर्देशन** |
|---|---|---|---|---|
| १. | श्री शिव फूड्स प्रा.लि.(आगन), ललितपुर म.न.पा.-१९, कुमारीपाटी | रसमलाई मिठाइ फ्रिजर भण्डारण पछि तन्किएको | • उक्त फर्मको सरसफाई सन्तोषजनक रहेको<br>• सम्पूर्ण मिठाई डोटेल डेरी, गोठेटारबाट ल्याई बिक्रि बितरण गर्ने गरेको पाइयो। | • उजुरीमा उल्लेख गरे जस्तो तन्किएको रसमलाई मिठाई फेला नपरेको तथा थप अनुसन्धान गर्न प्रयोगशाला परिक्षणका लागि रसमलाईको नमूना संकलन गरियो<br>• सोकेसमा प्रयोग हुने फ्रीजरको तापक्रमको अभिलेख राख्न तथा समय समयमा क्यालिब्रेसन समेत गराउन निर्देशन दिईयो। |
| २. | रश्मी एण्ड रोजन डेरी, ललितपुर म.न.पा.-२३, धापाखेल | एक दिन सम्म दूध नफाटेको | • उक्त डेरी पसलमा लेवल विवरण नभएको दाल, पिठो, आँटा लगायका खाद्य पदार्थ फेला परेको<br>• स्थानीय कृषकबाट दूध खरिद गरी बिक्रीवितरण गर्ने गरेको। | • जिल्ला प्रशासन कार्यालयद्वारा प्रादेशिक ब्यापार तथा ब्याबसाय ऐन, २०७६ को दफा ६० को खण्ड (क) बमोजिम रू. १५,०००।- जरिवाना तोकेको<br>• उजुरीमा उल्लेख गरे बमोजिम एक दिन सम्म दुध फाट्ने या नफाट्ने लगातय अन्य परिक्षणका लागि दुधको नमूना संकलन गरियो।<br>• लेवल विवरण नभएका खाद्य पदार्थ खरिद बिक्रि नगर्न निर्देशन दिइएको। |
| **अनुगमन गरीएको खाद्य व्यवसाय संख्याः दुई (२) वटा** | | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०३/२२